**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**

# विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको विकास
**The Development of Scientific Socialist Thought in World Politics**

*[1] गोविन्द प्रसाद मैनाली*
***Govinda Prasad Mainali***

[1]Faculty Member of Political Science, Tribhuvan University, Saraswati Multiple Campus, Kathmandu, Nepal
*[(Email: mainaligovindaprasad@gmail.com) ORCID:https://orcid.org/0009-0003-7803-3283]*

**Article History:** Received 5 Jan. 2024; Reviewed 30 March 2024; Revised 5 June. 2024; Accepted 28 June 2024.

**Copyright:** This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

## Abstract
*This article examines the development of scientific socialist thought in world politics. Key milestones considered include the formation of the Communist League, the publication of the Communist Manifesto, the establishment of the First International, the Paris Commune, the Second International, the October Socialist Revolution, the Third International, and the Cominform. Scientific socialist thought began with the publication of the Communist Manifesto by Karl Marx and Friedrich Engels in 1848 and developed gradually over time. This evolution is marked by a series of significant historical events. The study traces the formation of the Communist League, the creation and dissemination of the Communist Manifesto, the establishment of the First International under Marx's leadership, the Paris Commune by workers and the proletariat, the formation of the Second International under Engels' guidance, Lenin's leadership in the Russian Socialist Revolution and the formation of the Third International, and the establishment of the Cominform under Stalin's leadership. The article uses an inductive method to explore these developments and aims to illuminate the progression of scientific socialist thought in world politics.*

**Keywords:** *Scientific socialist thought, Communist League, Communist Manifesto, International, Paris Commune, October Socialist Revolution, Kominform*

## सार
*यस आलेखमा विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको उद्विकास कसरी भयो भनी व्याख्या गरिएको छ । आलेखले कम्युनिस्ट लिगको गठन, कम्युनिस्ट घोषणापत्र, पहिलो अन्तर्राष्ट्रिय, पेरिस कम्युन, दोस्रो अन्तर्राष्ट्रिय, अक्टोबर समाजवादी क्रान्ति, तेस्रो अन्तर्राष्ट्रिय र केमिन्फर्मलाई उक्त चिन्तनको विकासका प्रमुख आधारहरु मानेको छ । सन् १८४८ मा कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सद्वारा लिखित कम्युनिस्ट घोषणापत्र सार्वजनिक भएपछि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको उद्भव भएको थियो । यसरी हेर्दा वैज्ञानिक समाजवादी चिन्तनले लामो ऐतहासिक श्रृङ्खला पार गरेर यहाँसम्म आइपुगेको देखिन्छ । आलेखमा समाजवादी चरित्र बोकेका विश्व-राजनीतिक घटनाहरु जस्तैः कम्युनिस्ट लिगको गठन, कम्युनिस्ट घोषणापत्रको लेखन र प्रकाशन, मार्क्सको नेतृत्वमा भएको पहिलो अन्तराष्ट्रियको गठन, पेरिसमा मजदुर तथा सर्वहारावर्गले क्रान्ति गरी स्थापना गरेको पेरिस कम्युन, एंगेल्सको नेतृत्वमा भएको दोस्रो अन्तर्राष्ट्रियको गठन,*

*लेनिनको नेतृत्वमा भएको रूसको अक्टोबर समाजवादी क्रान्ति, लेनिनकै नेतृत्वमा भएको तेस्रो अन्तराष्ट्रियको गठन र चौथो अन्तराष्ट्रियको रूपमा स्टालिनको नेतृत्वमा भएको कोमिन्फर्मको गठनलाई विस्तारमा चर्चा गरिएको छ । यस आलेख तयार पार्ने क्रममा अवलम्बन गरिएको विधि आगनात्मक विधि हो । आलेखले विश्व राजनीतिमा भएको वैज्ञानिक समाजवादी चिन्तनको विकासलाई नजिकबाट नियाल्न र बुझ्न सघाउ पुऱ्याउने ठानिएको छ ।*

***शब्दकुञ्जी:*** *वैज्ञानिक समाजवादी चिन्तन, कम्युनिस्ट लिग, कम्युनिस्ट घोषणापत्र, अन्तर्राष्ट्रिय, पेरिस कम्युन, अक्टोबर समाजवादी क्रान्ति, कोमिन्फर्म*

## परिचय

यस आलेखमा वैज्ञानिक समाजवादी चिन्तन भनेर मार्क्सवादी विचारधारा अन्तर्गतको क्रान्तिकारी समाजवादी चिन्तनलाई भनिएको छ । वैज्ञानिक समाजवादी चिन्तनको प्रतिपादनमा सबैभन्दा महत्वपुर्ण योगदान कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सको रहेको छ । मार्क्स र एंगेल्सबाट 'कम्युनिस्ट घोषणापत्र' लेखिनु नै वैज्ञानिक समाजवादी चिन्तनको प्रारुप कोरिनु थियो । यस चिन्तनलाई विकास गर्नको निम्ति मार्क्स र एंगेल्सले संसारभरका मजदुर र सर्वहारावर्गका जनवादी सङ्गठनहरूलाई एकत्रित गरी २८ सेप्टेम्बर १८६८ मा पहिलो अन्तर्राष्ट्रियको गठन गरेका थिए । यसैबीच १८ मार्च १८७१ मा पेरिस कम्युनको स्थापना भएको थियो । दोस्रो अन्तर्राष्ट्रियको गठन सन् १८८९ मा भएको थियो र प्रथम विश्वयुद्ध सुरू भएपछि दोस्रो अन्तर्राष्ट्रिय विघटन भएको थियो । सन् १९१७ मा लेनिनले रूसमा अक्टोबर क्रान्ति गरी समाजवादी राज्यसत्ताको स्थापना गरेपछि उनले आफ्नै नेतृत्वमा सन् १९१९ मा तेस्रो अन्तर्राष्ट्रियको स्थापना गरेका थिए । तेस्रो अन्तर्राष्ट्रिय पनि सन् १९४३ मा विघटन हुन पुगेको थियो । पछि स्टालिनले कोमिन्फर्मको स्थापना त गरे, तर उनको मृत्यु पश्चात कोमिन्फर्म मात्रै नभएर सोभियत सत्ताकै विघटन हुनपुग्यो (Halls, 1985 : 20) । सोभियत सत्ता विघटन भएपछि विश्व समाजवादी आन्दोलनलाई सही दिशानिर्देश गर्ने र सङ्गठित गर्ने समाजवादी अन्तर्राष्ट्रिय सङ्गठनहरू समेत बिघटित हुन पुगे ।

कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले वैज्ञानिक समाजवादी चिन्तनको विकास गर्ने क्रममा विभिन्न राजनीतिक तथा साङ्गठनिक गतिविधि, आन्दोलन र सर्वहारा क्रान्तिका सिद्घान्त तथा कार्यक्रमहरु प्रस्तुत गरेका थिए । लेनिनले अक्टोबर समाजवादी क्रान्ति गरेर वैज्ञानिक समाजवादी राजानीतिक व्यवस्थाको जग स्थापना गरे । माओले चीनमा जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादी चिन्तनको विकासमा नयाँ आयाम थपे । यसरी हेर्दा, लेनिन र माओ-नेतृत्वका क्रान्तिहरुसँगै वैज्ञानिक समाजवादी चिन्तनले आफुलाई झनै उन्नत ढंगले विकसित गर्दै लगेको देखिन्छ । यस आलेखमा वैज्ञानिक समाजवादी चिन्तनको विकासक्रमको अध्ययन औचित्यपुर्ण यस मानेमा ठानियो कि एकातिर, समसामयिक नेपालको राजनीतिक र प्राज्ञिक वृतमा समाजवादी चिन्तनवारे व्यापक बहस हुने गरेको छ, अर्कोतिर, नेपालको संविधान (२०७२) मा 'समाजवादप्रति प्रतिबद्ध' र 'समाजवाद उन्मुख' भन्ने शब्दको व्यापक प्रयोग भएको छ ।

## उद्देश्य

यस आलेखले विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको विकास कसरी भयो भनी खोतल्न खोजेको छ । तसर्थ, वैज्ञानिक समाजवादी चिन्तनको विकासमा कम्युनिस्ट लिगको गठन, कम्युनिस्ट घोषणापत्रको लेखन र प्रकाशन, मार्क्सको नेतृत्वमा गठन भएको पहिलो अन्तर्राष्ट्रिय, पेरिसका मजदुर तथा सरर्वहारावर्गले क्रान्ति सम्पन्न गरी स्थापना गरेका पेरिस कम्युन, एंगेल्सको नेतृत्वमा गठन भएको दोस्रो अ्न्तर्राष्ट्रिय, लेनिनको नेतृत्वमा रूसमा सम्पन्न भएको अक्टोवर समाजवादी क्रान्ति, लेनिनकै नेतृत्वमा गठन भएको तेस्रो अन्तर्राष्ट्रिय, र स्टालिनको नेतृत्वमा गठन भएको चौथो अन्तर्राष्ट्रिय र आशातित् सफल हुन नसकेको कोमिन्फर्मले खेलेको भूमिका यस आलेखका प्रमुख आकर्षणहरु रहेका छन् ।

## विधि

यस आलेखले आगनात्मक विधि अवलम्बन गरेकोछ । यसमा ऐतिहासिक ढाँचा र वर्णनात्मक ढाँचा को समिश्रण गरिएको छ । यस आलेखको अध्ययन व्याख्यावादमा आधारित छ भने लेखनमा गुणात्मक विश्लेषण विधि अपनाइएको छ । यस आलेखमा

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**

अध्ययन सामग्रीहरु सहायक स्रोतका रुपमा रहेका छन् । मार्क्सवादी विचार र सिद्धान्त, विश्व समाजवादी आन्दोलन र क्रान्तिसम्बन्धी पुस्तकहरूको समिक्षा गरी यस आलेख तयार पारिएको हो ।

## सैद्धान्तिक आधार

यस आलेखको दार्शनिक आधार मार्क्सवाद हो भने सैद्धान्तिक आधार वैज्ञानिक समाजवाद हो । सन् १८४८ मा मार्क्स र एंगेल्सले विश्व समाजवपादी क्रान्तिका निम्ति समाजवादको राजनीतिक, आर्थिक र साङ्ठनिक कार्यक्रम तथा मजदुर तथा सर्वहारावर्गको मुक्तिका निम्ति र राज्यसत्ताको प्राप्तिका निम्ति राजनीतिक संघर्षका कार्यक्रम तय गरेपछि वैज्ञानिक समाजवादी चिन्तनको उद्भव भएको थियो र विश्व समजवादी आन्दोलनले समाजवादको नयाँ प्रारूप वैज्ञानिक समाजवादी चिन्तन पाएको थियो । यस आलेखमा यसै वैज्ञानिक समाजवादी चिन्तनको विकासको अध्ययन गर्न वैज्ञानिक समाजवादी चिन्तनलाई नै प्रमुख सैद्धान्तिक आधार मानिएको छ ।

## अवधारणा

वैज्ञानिक समाजवादी चिन्तनको उद्भव र विकास भएको लगभग २०० वर्ष बितिसक्दा यसले विश्वका धेरैजसो मुलुकलाई आफ्नो प्रभावबाट अछुतो रहन दिएन । यस चिन्तनलाई अंगिकार र अनुशरण गरेर विश्वका विभिन्न मुलुकमा राजनीतिक परिवर्तनहरु भए र राज्यसत्ताको सञ्चालन पनि भयो । वैज्ञानिक समाजवादी चिन्तनका अनेक प्रारूपको विकासले नै आज यस चिन्तन एउटा निर्विकल्प र अविच्छिन्न राजनीतिक चिन्तन र पद्धतिको रूपमा विकसित हुनपुगेको छ ।

रूसमा लेनिनले समातेको समाजवादी चिन्तनको क्रान्तिकारी मार्क्सवादी धारा र चीनमा माओले समातेको समाजवादी चिन्तनको क्रान्तिकारी जनवादी धारा दुबै धारासँग असहमत जनाउँदै युरोपियन समाजवादी पार्टीहरूले समाजवादी चिन्तनको नयाँ धाराको विकास गरेका थिए (Afanasyevv, 1967 : 56-58)। उक्त धारालाई युरोपियन कम्युनिज्म, नवमार्क्सवाद, आदि नामले विभुषित गरिएको छ । समाजवादी चिन्तनको क्रान्तिकारी मार्क्सवादसँग असहमत जनाएको अर्को खेमाले लोकतान्त्रिक समाजवादी चिन्तनको विकास गरेको थियो, जुन् यस आलेखमा समाविष्ट छैन ।

## अर्थ र परिभाषा

यस आलेखमा मार्क्स र एंगेल्सले प्रतिपादन गरेका समाजवादी चिन्तनलाई मात्रै स्थान दिइएको छ । काल्पनिक समाजवादी चिन्तक सेन्ट साइमनले "हरेक व्यक्तिले क्षमता अनुसार काम र काम अनुसारको पारिश्रमिकता पाउनु पर्ने" (Gilabert, 2015 : 200-203) भनी जुन् समाजवादी सिद्धान्तको निर्माण गरेका थिए, त्यसकै आधारमा मार्क्स र एंगेल्सले सन् १८४८ मा "कम्युनिस्ट घोषणापत्र" लेखि वैज्ञानिक समाजवादी चिन्तनको उद्भव गराएका थिए (Barry, 2005 : 17) वैज्ञानिक समाजवादी चिन्तनका अनुसार समाजवादको चरित्र राज्यसत्ताले उत्पादनका साधनहरूलाई आम जनताको स्वामित्वमा ल्याउनु, राज्यसत्ताको उत्पादनमाथि आमजनताको अधिकार र उपयोग सुनिश्चित गर्नु, र आम जनतामा उत्पादन वितरण गर्नु हो (Carenes, 2003 : 46-47) । यसरी हेर्दा समाजवाद भनेर राज्य नियन्त्रित उत्पादनका साधनहरुमाथि आम जनताको अधिकार र स्वामित्व रहने व्यवस्था बुभिन्छ । समाजवादी सामाजिक व्यवस्था निजि स्वामित्वमा आधारित सामाजिक व्यवस्थाको विपरित साम्यवादी सामाजिक व्यवस्थाको स्थापना गर्नुपूर्व स्थापना गरिन्छ (Cohen, 2000 : 224)। निजि स्वामित्वमा आधारित सामाजिक व्यवस्थाको अन्त्य गरी समाजवादी सामाजिक व्यवस्थाको स्थापना गरिन्छ ।

विश्वका सम्पूर्ण मुलुकलाई एक हदसम्म वैज्ञानिक समाजवादी चिन्तनले प्रभावित तुल्याएको छ नै । विभिन्न मुलुकले वैज्ञानिक समाजवादी चिन्तनलाई अनुशरण र अवलम्बन गरेर राजनीतिक परिवर्तन ल्याएका र राज्यसत्ताको सञ्चालन गरेका प्रश्स्त उदाहरणहरु छन् । यसले पुष्टि गर्छ कि हरेक मुलुकका मौलिकताले यस चिन्तनलाई विशिष्टता प्रदान गरेको छ र यस चिन्तनको विकासमा योगदान पुर्‍याएको छ । यस चिन्तनको विकासको लगभग २०० वर्षको लामो इतिहासमा चारवटा धारामा र चारवटा धाराभित्र हजारौं प्रारूपको विकास भएको छ । जसमा (१) लेनिनले विकास गरेका क्रान्तिकारी मार्क्सवादी धारा, (२) माओले विकास गरेका क्रान्तिकारी जनवादी धारा, (३) युरोपियन र ल्याटिन अमेरिकन समाजवादीहरूले विकास

गरेका युरोपियन कम्युनिज्म र नवमार्क्सवादी धारा र (४) यी सबैसँग असहमत रहेको संशोधित वान्किको लोकतान्त्रिक समाजवादी धारा । यिनै धाराभित्र केन्द्रित रहेर हामीले वैज्ञानिक समाजवादी चिन्तनको अर्थ र परिभाषा खोज्नुपर्छ भन्नेमा यस आलेख प्रष्ट छ ।

## छलफल

### वैज्ञानिक समाजवादी चिन्तनको विकासक्रम

मार्क्स र एंगेल्सले मार्क्सवादी दर्शनको प्रतिपादन गरी मार्क्सवादको तीन संघटक 'द्वन्द्वात्मक ऐतिहासक भौतिकवाद', 'अतिरिक्त मूल्य' र 'सर्वहारा वर्गको अधिनायकत्व' को सिद्धान्त आविष्कार गरेपछि वैज्ञानिक समाजवादी चिन्तनको विकास सम्भव भएको थियो (Conforth, 1972 : 9-10)। द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादले सर्वसाधारण जनताले इतिहासको निर्माण गर्न सक्छन् र सर्वहारा वर्गले नै संसारमा वैज्ञानिक समाजवादलाई पुनर्गठन गर्न सक्दछन् भनी प्रमाणित गरेको थियो (सबीरोव, १९८८ : १४९)। ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तको मर्म सर्वहारा तथा मजदुर वर्ग र सर्वसाधारण जनताले वैज्ञानिक समाजवादी चिन्तनलाई पुनर्गठन र विकास गर्न सक्छन् भन्ने थियो । 'अतिरिक्त मूल्यको सिद्धान्त' ले शोषणलाई उजागर गर्ने र पुँजीवादी उत्पादन व्यवस्थाका समस्या औंल्याउँदै वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको लागि पूर्वाधारहरूको निर्माण गर्ने काम गरेको थियो (सबीरोव, १९८८ : १४९-१५०)।

मार्क्स र एंगेल्सले 'द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद' र 'अतिरिक्त मूल्यको सिद्धान्त' लाई प्रयोग गर्दै काल्पनिक समाजवादी चिन्तनलाई वैज्ञानिक समाजवादी चिन्तनमा रूपान्तरण गरेका थिए । उनीहरूले पुँजीवादी व्यवस्थाको विकासको क्रममा सर्वहारावर्ग एक नयाँ सामाजिक शक्तिको रूपमा निर्माण हुन्छ र त्यसले नै पुँजीवादी व्यवस्थालाई नष्ट गर्दै साम्यवादमा पुग्ने वैज्ञानिक समाजवादी बाटो निर्माण गर्छ भनेका थिए (सबीरोव, १९८८ : १५२)। बुर्जुवा पुँजीवादी व्यवस्थाको विकासक्रममा सर्वहारावर्ग नयाँ वर्गको रूपमा उदाउँछ र त्यो सर्वहारावर्गले नै बुर्जुवा पुँजीवादी व्यवस्थाको अन्त्य गर्दै साम्यवादी व्यवस्थासम्म पुग्ने वैज्ञानिक समाजवादी व्यवस्थाको निर्माण गर्दछ भन्ने मार्क्स र एंगेल्सको मत थियो ।

## कम्युनिस्ट लिग

मार्क्स र एंगेल्सले वैज्ञानिक समाजवादी चिन्तनको प्रतिपादन गर्नुपूर्व विश्व समाजवादी आन्दोलन र समाजवादी चिन्तनको विकास फरक फरक ढंगले भएको थियो । सन् १८३३ मा जर्मनका निर्वासितहरूले एक गोप्य संस्था 'निर्वासितहरूको सङ्गठन' (Society of the Exiles) को निर्माण गरेका थिए (लास्की, २०७४ : ६)। मार्क्स र एंगेल्सले 'कम्युनिस्ट घोषणापत्र' लेखि वैज्ञानिक समाजवादी चिन्तनको उद्भव गराउनुपूर्व विश्व समाजवादी आन्दोलन विभिन्न वैचारिक धारामा विभक्त थियो र समाजवाद स्थापनाका निम्ति समाजवादी संगठनको निर्माण पनि आ-आफ्नै ढङ्गले भएको थियो । ती जर्मन समाजवादी शरणार्थीहरूले सन् १८३६ मा 'न्याय समाज' (Society the just) नामको गुप्त सङ्गठनको निर्माण गरेका थिए । फ्रान्सका समाजवादीहरूले निर्माण गरेको 'ऋतु समाज' सङ्गठनसँग 'न्याय समाज' सङ्गठनको सम्बन्ध थियो । 'ऋतु समाज' का नेताहरूमा लुइस अगस्ते ब्लाँकी, अर्मान्ड बार्बे र मार्टिन बनार्ड थिए (तामाङ, २०६९ : २७-२८)। सन् १८३३ मा स्थापना भएको 'निर्वासितहरूको सङ्गठन' मा आवद्ध समाजवादीहरूले सन् १८३६ मा 'न्याय समाज' नामको समाजवादी सङ्गठनको निर्माण गरेका थिए । फ्रान्समा स्थापित समाजवादीहरूको सङ्गठन 'ऋतु समाज' सँग 'न्याय समाज' को सम्बन्ध थियो । यी समाजवादी सङ्गठनहरूले आ-आफ्नै ढङ्गले समाजवादी आन्दोलनलाई अगाडि बढाएका थिए ।

तिनहरुमध्ये 'न्याय समाज' एउटा पृथक संस्था थियो (लास्की, २०७४ : ६-७)। 'न्याय समाज' ले त्यस समयमा फरक ढंगेले समाजवादी गतिविधि सञ्चालन गर्दथ्यो । 'न्यास समाज' को नारा 'संसारका सबै मान्छे दाजुभाई हुन' भन्ने थियो भने त्यसको लक्ष्य 'पृथ्वीमा न्याय, समानता र छिमेकीपनमा आधारित भगवानको राज्य स्थापित गर्ने' भन्ने थियो (खतिवडा, २०७४ : ८)। तत्कालिन समयको विश्व समजवादी आन्दोनलमा विश्वका सम्पूर्ण समाजवादीहरूमा भातृत्व, भाइचारा र भावनात्मक सम्बन्धको सिर्जना र विकास गर्न 'संसारका सबै मान्छे दाजुभाइ हुन्' भन्ने नारा निर्माण गरेको थियो । 'न्याय समाज' का नेताहरू 'पेरिस षडयन्त्र' मा असफल भएपछि बेलायत भागेका थिए । बेलायतमा पुगेपछि उनीहरूले 'जर्मन श्रमिकहरूको शिक्षा समाज' नामको खुला सङ्गठन निर्माण गरेका थिए । त्यस सङ्गठनमा जर्मन, स्वीस, स्केन्डिभियन, डच,

हंगेरियन, चेक, दक्षिणी स्लाव, रूसी र अल्सासी समाजवादीहरू संगठित थिए। उनीहरूले यो सङ्गठनको नयाँ नाम 'कम्युनिस्ट मजदुर शिक्षा लिग' राखेका थिए (तामाङ, २०६९ : २८)। 'न्याय समाज' ले विश्व समाजवादी आन्दोलनको अन्तर्राष्ट्रिय सङ्ठनको स्वरूप ग्रहण गर्न पुगेको थियो । विश्वका धेरै मुलुकका सर्वहारा तथा मजदुर वर्ग यसमा आवद्ध भएका कारण यस सङ्गठनको नाम 'कम्युनिस्ट मजदुर शिक्षा लिग' बन्न पुगेको थियो । एंगेल्सको यस सङ्गठनसँगको सम्बन्ध सन् १८४३ देखि थियो भने मार्क्सले चाहिँ १८४५ देखि सम्बन्ध राखेका थिए। यस सङ्गठनको नारा 'सबै मानिस दाजुभाइ हुन्' भन्ने थियो (Service, 2007 : 22)। यस सङ्गठनको नारा न्याय समाज' को जस्तै 'सबै मानिस दाजुभाइ हुन्' भएसँगै यस सङ्गठनले पनि विश्व समाजवादी आन्दोलनमा आफ्नो प्रभुत्व कायम गर्दै गएको थियो।

मार्क्स पेरिसबाट निर्वासित भएपछि ब्रसेल्स पुगेका थिए। ब्रसेल्समा उनको भेट एंगेल्ससँग भयो र दुबै मिलि 'कम्युनिस्ट पत्राचार समिति' को स्थपना गरे। यस सङ्गठनमार्फत युरोपका विभिन्न मुलुकका समाजवादीहरूसँग सम्पर्क गर्ने, वैज्ञानिक समाजवादी चिन्तनको प्रचार-प्रसार गर्ने, सामाग्री उपलब्ध गराउने र त्यस समयमा प्रचलित समाजवादी चिन्तनको अन्य धाराहरूको आलोचना गर्ने काम मार्क्स र एंगेल्सले गर्दथे (सबीरोव, १९८८ : १५५)। मार्क्स र एस्गेल्सले 'कम्युनिस्ट पत्राचार समिति' को निर्माण गरी विश्व समााजवादी आन्दोलनमा उठेका विविध प्रश्नको हल गर्ने कार्य गरेका थिए। परिणामस्वरुप, विश्व समाजवादी आन्दोलनमा वैज्ञानिक समाजवादी चिन्तन बलशाली रूपमा उदाउन पुगेको थियो। साथै, उनीहरूको यस कार्यबाट अरू थुप्रै समाजवादीहरू प्रभावित भएका थिए। मार्क्स र एंगेल्सको वैज्ञानिक समाजवादी चिन्तनबाट प्रभावित भएर 'कम्युनिस्ट मजदुर शिक्षा लिग' ले सङ्गठनको लागि राजनीतिक आन्दोलनको कार्यक्रम तय गर्न आवश्यक ठानि मार्क्स र एंगेल्सलाई सङ्गठनमा आवद्ध गराउने निर्णय गरेको थियो। 'कम्युनिस्ट मजदुर शिक्षा लिग' ले सङ्गठनात्मक संरचना बदल्न र षडयन्त्रकारी गतिविधि त्याग्न तयार भएपछि सन् १८४७ को वसन्तमा मार्क्स र एंगेल्स यस सङ्गठनमा आवद्ध भएका थिए (तामाङ, २०६९ : २७-२९)।

मार्क्स र एंगेल्स 'कम्युनिस्ट मजदुर शिक्षा लिग' मा आवद्ध भएपछि उनीहरुले यस सङ्गठनलाई बलियो बनाउन लागिपरेका थिए। उनीहरूले यस सङ्गठनका सदस्यहरूलाई समाजवादी चिन्तनको व्याख्या गर्ने, नयाँ समूह बनाउने, पेरिस, जर्मनी र स्वीटजरल्याण्डका यस्तै अरू समूहहरूसँग सम्बन्ध स्थापित गर्ने काम गरेका थिए (लास्की, २०७४ : १०)। १ जुन, १८४७ मा सम्पन्न भएको 'कम्युनिस्ट मजदुर शिक्षा लिग' को पहिलो महाधिवेशन, जुन लन्डनमा सम्पन्न भएको थियो, मार्क्स समस्यावस् जान सकेका थिएनन्। ब्रसेल्सको प्रतिनिधित्व भोल्पले गरेका थिए भने पेरिसको प्रतिनिधित्व एंगेल्सले गरेका थिए। यस महाधिवेशनले 'कम्युनिस्ट मजदुर शिक्षा लिग' को नाम बदलेर 'कम्युनिस्ट लिग' राखेको थियो। उक्त महाधिवेशनले 'कम्युनिस्ट लिग' को लक्ष्य- "पुँजीवादी राज्य व्यवस्थाको अन्त्य गर्ने, सर्वहारा वर्गको राज्य व्यवस्था स्थापना गने, वर्ग विरोधमा आधारित पुरानो सामाजिक व्यवस्थाको अन्त्य गरी नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्ने, जुन वर्गविहिन र निजी सम्पतिविहिन हुनेछ" भनी तय गरेको थियो (तामाङ, २०६९ : २९)।

२९ नोभेम्बर, १८४४ मा 'कम्युनिस्ट लीग' को दोस्रो महाधिवेशन लण्डनमा सम्पन्न भएको थियो। यस महाधिवेशनमा वैज्ञानिक समाजवादी चिन्तनलाई समावेश गरिएको थियो। यस महाधिवेशनले मार्क्स र एंगेल्सलाई 'कम्युनिस्ट लिग' को घोषणापत्र लेख्नको लागि जिम्मेवारी दिएको थियो (सबीरोव, १९८८ : १५६)। 'कम्युनिस्ट लिग' को दोस्रो महाविधवेशनले मार्क्स र एंगेल्सलाई राजनीतक तथा साङ्गठानिक कार्यक्रम तयार पार्ने जिम्मेवारी दिएको यिथो । 'कम्युनिस्ट लिग' ले आफ्नो राजनीतिक तथा साङ्गठानिक कार्यक्रम तयार पार्न र घोषणापत्र लेख्ने जिम्मेवारी दिएपछि मार्क्स र एंगेल्सले मात्र दुई महिनामा 'कम्युनिस्ट घोषणापत्र' तयार पारेका थिए। यसले विश्व समाजवादी आन्दोलनलाई नयाँ राजनीतिक कार्यक्रम र विश्व राजनीतिलाई नयाँ वैज्ञानिक समाजवादी चिन्तन दिएको थियो र यससँगै विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव भएको थियो।

'कम्युनिस्ट लिग' पहिलो अन्तर्राष्ट्रिय समाजवादी सङ्गठन थियो, जसले वैज्ञानिक समाजवादी चिन्तन र समाजवादलाई आफ्नो कार्यक्रमको रुपमा घोषणा गरेको थियो। वैज्ञानिक समाजवादलाई मजदुर आन्दोलनसँग ऐक्यबद्ध गरेको थियो र सर्वहारावर्गको पार्टीलाई वैज्ञानिक समाजवादी चिन्तनसँग जोडेको थियो (सबीरोव, १९८८ : १५६-१५७)। मार्क्स र एंगेल्सलले 'कम्युनिस्ट घोषणापत्र' लेखि वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव गराएपछि 'कम्युनिस्ट लिग' ले मार्क्सवादी दर्शन र वैज्ञानिक समाजवादी चिन्तनलाई आफ्नो दर्शन तथा सिद्धान्तको रूपमा स्वीकारेको थियो।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**

## कम्युनिस्ट घोषणापत्र

काल्पनिक समाजवादीहरूको भावनापरक नारा 'सबै मानिस दाजुभाइ हुन्' भन्ने ठाउँमा मार्क्स र एंगेल्सले 'संसारका मजदुर एक होऔं' भन्ने वैज्ञानिक नारा दिदै सन् १८४८ मा 'कम्युनिस्ट घोषणपत्र' प्रकाशन गरेका थिए । यस घोषणापत्रको मूलभूत विचार हरेक युगको राजनीतिक तथा विचारको विकास र सामाजिक व्यवस्था त्यस युगको उत्पादन पद्धतिमा आधारित हुन्छ, र व्याख्या र विश्लेषण पनि यसैमा भरपर्छ भन्ने थियो (तामाङ, २०६९ : ३७) । 'कम्युनिस्ट घोषणापत्र' को प्रकाशनसँगै विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव र विकास भएको थियो । 'कम्युनिस्ट घोषणापत्र' को दार्शनिक आधार मार्क्सवाद र सैद्धान्तिक आधार समाजवादी चिन्तन थियो । 'कम्युनिस्ट घोषणापत्र' ले विश्व समाजवादी आन्दोलनलाई नयाँ आयाम दिंदै विश्वका सर्वहारा तथा मजदुरवर्गलाई राजनीतिक सत्ता स्थापना गर्नका निम्ति राजनीतिक संघर्षको कार्यक्रम प्रस्तुत गरेको थियो ।

यस घोषणापत्रको अन्तर्वस्तु वैज्ञानिक भौतिकवादी दृष्टिकोणबाट ओतप्रोत थियो। घोषणापत्रमा समाजको इतिहास वर्गसंघर्षको इतिहासको रूपमा र पुँजीवादी सामाजिक व्यवस्थालाई बुर्जुवा वर्ग तथा सर्वहारावर्गको संघर्षको इतिहासका रूपमा प्रस्तुत गरिएको थियो। मार्क्स र एंगेल्सले घोषणापत्रमा पुँजीवादीहरूको विरूद्ध सर्वहारा मजदुर वर्गको संघर्षको आवश्यकतालाई पुष्टि गरेका थिए (सबीरोव, १९८८ : १५७-१५९)। 'कम्युनिष्ट घोषणापत्र' द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोण अनुसार तयार पारिएको थियो । घोषणापत्रमा समाजको विकासक्रम वर्ग सङ्घर्षको इतिहासबाट भएको र बुर्जुवा पुँजीवादी सामजिक व्यवस्था बुर्जुवा वर्ग र सर्वहारा तथा मजदुर वर्ग बिच सङ्घर्षको इतिहास रहेको पुष्टि गरिएको थियो । उनीहरूले वैज्ञानिक समाजवादी चिन्तनलाई मूर्त रूप दिएका थिए । वुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थाको ठाउँमा वैज्ञानिक समाजवादी सामाजिक व्यवस्थाको स्थापनाका लागि संघर्ष, विद्रोह, आन्दोलनको कार्यक्रम प्रस्तुत गरेका थिए (सबीरोव, १९८८ : १६१) । मार्क्स र एंगेल्सले घोषणापत्रमा सर्वहारा तथा मजदुर वर्गको राजनीतिक मुक्तिका लागि राजनीतिक सङ्घर्षको कार्यक्रम प्रस्तुत गरेका थिए । उनीहरूले 'कम्युनिस्ट घोषणपत्र' मा भनेका थिए- 'सर्वहारावर्गको गुम्ने सिक्रि बाहेक केही छैन तर, जित्नका लागि सर्वहारावर्गको सामू संसार छ' (तामाङ, २०६९ : ४२) । मार्क्स र एंगेल्सले 'कम्युनिस्ट घोषणपत्र' मा सर्वहारा तथा मजदुरवर्गको राजनीतिक संघर्षका क्रममा गुम्ने वाला केही छैन तर, राजनीतिक संघर्षमा जित्दा र सफल हुदा संसार सर्वहारा तथा मजदुरवर्गको हुनेछ भनी विश्वका सर्वहारा तथा मजदुर वर्गलाई विश्व समाजवादी आन्दोलन र समाजवादी क्रान्तिका निम्ति आह्वान गरेका थिए ।

## पहिलो अन्तर्राष्ट्रिय

विभिन्न देशहरूका मजदुर र जनवादी सङ्गठनहरूको सभामा २८ सेप्टेम्बर, १८६४ मा प्रथम अन्तर्राष्ट्रियको स्थापना लण्डनमा भएको थियो (सबीरोव, १९८८ : १६६) । विश्व समाजवादी आन्दोलनको अन्तर्राष्ट्रिय सङ्गठनको रूपमा पहिलो अन्तर्राष्ट्रियको गठन भएको थियो । विश्व समाजवादी आन्दोलनलाई एकिकृत गरी सही मार्ग निर्देशन गर्न अन्तर्राष्ट्रिय समाजवादी सङ्गठनको आवश्यकता परेको हुँदा मार्क्स र एंगेल्सले आफ्नै पहलकदमीमा पहिलो अन्तर्राष्ट्रियको गठन गरेका थिए । यसको उद्देश्य विश्वभरका मजदुरहरूले मुक्ति सेनामा भाइ र साथीको रूपमा मात्रै आफूलाई महसुस नगरी सँगसँगै काम गर्न सकुन् र विश्व समाजवादी आन्दोलनलाई अगाडि बढाउन् भन्ने थियो (Macfarlane, 1990 : 38) । विश्वका सर्वहारा तथा मजदुर वर्गले विश्व समाजवादी आन्दोलन र क्रान्तिमा सहकार्य, सहयात्रा र सहयोग गर्न सकुन् भन्ने हेतुले मार्क्स र एंगेल्सले पहिलो अन्तराष्ट्रिय गठन गरेका थिए ।

पहिलो अन्तर्राष्ट्रियको पहिलो महाधिवेशन जेनेभामा सेप्टेम्बर १८६६ मा सम्पन्न भएको थियो । यस महाधिवेशनले वैज्ञानिक समाजवादी चिन्तनलाई ग्रहण गरेको थियो । सेप्टेम्बर १८६७ मा पहिलो अन्तर्राष्ट्रियको दोस्रो महाधिवेशन लौसानेमा सम्पन्न भएको थियो। यस महाधिवेशनमा प्रुँधोवादीहरूले वैज्ञानिक समाजवादी राजनीतिक कार्यक्रमसँग असहमति जनाउँदै विवादको सिर्जना गरेका थिए । सेप्टेम्बर १८६८ मा पहिलो अन्तर्राष्ट्रियको तेस्रो महाधिवेनशन ब्रसेल्समा सम्पन्न भएको थियो । त्यस महाधिवेशनले वैज्ञानिक समाजवादी राजनीतिक कार्यक्रमलाई स्वीकार गरेको थियो । सेप्टेम्बर १८६९ मा पहिलो अन्तर्राष्ट्रियको चौथो महाधिवेशन बासलेमा सम्पन्न भएको थियो। त्यस महाविधेशनमा वैज्ञानिक समाजवादी

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**

चिन्तनको पक्षधर र बाकुनीनवादीहरू बिच भयंकर संघर्ष भएको थियो (तामाङ, २०६९ : ४८-५१)। पहिलो अन्तर्राष्ट्रियको पहिलो, दोस्रो, तेस्रो र चौथो महाधिवशनले त्यस समयमा देखापरेको विश्व पुँधोवादी धारा र बाकुनिनवादी धाराको विरोध गर्दै उनीहरूले प्रस्तुत गरेका राजनीतिक कार्यक्रमलाई अस्वीकार गरी वैज्ञानिक समाजवादी चिन्तनधारामा आधारित राजनीतिक कार्यक्रमलाई स्वीकार गरेको थियो।

सेप्टेम्बर १८७२ मा पहिलो अन्तर्राष्ट्रियको पाँचौं महाधिवेशन हेगमा सम्पन्न भएको थियो। उक्त महाधिवेशनमा पनि वैज्ञानिक समाजवादी चिन्तनको पक्षधर र बाकुनिनवादीहरूको बिचमा भयंकर वादविवाद भएको थियो। तर, अन्त्यमा मार्क्सको राजनीतिक प्रतिवेदन पास भएको थियो। वैज्ञानिक समाजवादी चिन्तनको पक्षधर र बाकुनिनवादीहरूको बिचको विवादको परिणाम स्वरूप १५ जुलाइ १८७६ मा फिलाडेल्फियामा भएको सम्मेलनले पहिलो अन्तर्राष्ट्रिय विघटन गर्ने निर्णय गरेको थियो (तामाङ, २०६९ : ५२-५३)। पहिलो अन्तर्राष्ट्रिय मार्क्सवादी विचारधारा अन्तर्गतको वैज्ञानिक समाजावादी चिन्तनका पक्षधर, पुँधोवादी र बाकुनीनवादी विचारधारा अन्तर्गतका अराजकतावादी चिन्तनका पक्षधरबिच व्यापक राजनीतिक तथा वैचारिक मतभेद र विवादको भएको थियो । यी मतभेद र विवादका बावजुद मार्क्सवादी विचारधारा अन्तर्गतका वैज्ञानिक सामाजिक चिन्तका पक्षधरहरूको विजयी भए पनि अन्तत्वगत्वा पहिलो अन्तर्राष्ट्रिय विघटन हुन पुगेको थियो । पहिलो अन्तर्राष्ट्रियले विश्व समाजवादी आन्दोलनमा देखा परेको विकृति र विसंगतिलाई भण्डाफोर गर्दै, त्यस समयमा प्रचलित रहेका विविध समाजवादी चिन्तन धाराको आलोचना गरी वैज्ञानिक समाजवादी चिन्तनको प्रचार-प्रसार र विकास गरेको थियो।

## पेरिस कम्युन

फ्रान्स सन् १८७१ मा जर्मनसँग हारेपछि फ्रान्समा रहेका विद्रोही क्रान्तिकारीहरू एकत्रित भई १८ मार्च १८७१ मा विद्रोह गरी पेरिसलाई कब्जा गरे। विद्रोही क्रान्तिकारीहरूले मे २८, १८७१ सम्म पेरिसको राज्यसत्ता आफ्नो हातमा लिई पेरिस कम्युनको स्थापना गरेका थिए (खतिवडा, २०७४ : २०)। पेरिसका सर्वसाधारण जनता सर्वहारा तथा मजदुर वर्गले सशस्त्र क्रान्ति गरी पेरिस कम्युन स्थापना गरेका थिए। १८ मार्च १८७१ को बिहानी “कम्युन जिन्दावाद” ! को गगनभेदी नाराले पेरिसलाई बिउँझ्याएको थियो (मार्क्स, एंगेल्स, २०६३ : ८१)। पेरिस कम्युन जम्माजम्मी ७२ दिन टिकेको थियो। पेरिस कम्युन सर्वहारावर्गको समाजवादी राज्यसत्ता थियो। यसले सर्वहारा मजदुर वर्गको पक्षमा महत्वपूर्ण, निर्णायक एवं प्रगतिशिल कार्य गरेको थियो (तामाङ, २०६९ : ६१)। पेरिस कम्युनले सर्वसाधारण जनता र सर्वहारा तथा मजदुर वर्गको हित हुने कार्य गरेको थियो। पेरिस कम्युन जनताद्वारा जनताको शासनको दिशामा उन्मुख थियो (मार्क्स, एंगेल्स, २०६३ : ९५)। जनताद्वारा जनताको शासनतिर उन्मुख भएका कारण पेरिस कम्युनको चरित्र समाजवादी थियो भन्न सकिन्छ।

फ्रान्सको प्रतिक्रियावादी सरकार प्रमुख एम. थियर्सले पेरिस कम्युनको सत्ता ढलाउन जर्मनीको विस्मार्कसँग १० मे १८७१ मा फ्र्याङ्कफर्ट सम्झौता गरेको थियो। सम्झौता अनुरूप २२ मे १८७१ मा जर्मन सेना पेरिसमा प्रवेश गरी पेरिस कम्यनुका रक्षकहरूसँग ला चाँसे मसानघाटको पर्खाल अगाडि ७ दिनसम्म भिषण युद्ध लडेको थियो। त्यस युद्धमा करिब ३०,००० जना पेरिसका जनता मरेका थिए, करिब ४५,००० पेरिसका जनतालाई गिरफ्तार गरिएको थियो, गिरफ्तार गरिएकामध्ये धेरै जसोको हत्या गरिएको थियो, हजारौं पेरिसका जनतालाई निष्काशित गरिएको थियो, सबै गरेर लगभग १,००,००० पेरिसका जनता मारिएका थिए (तामाङ, २०६९ : ६३-६४)। फ्रान्सको बुर्जुवा गणतन्त्रवादी एम. थियर्सको सरकारले जर्मन सरकारसँग सम्झौता गरी जर्मन सेनाको सहयोगमा पेरिस कम्युनिमाथि आक्रमण गरी २८ मे १८७१ को दिन कम्युन ढालेको थियो।

### दोस्रो अन्तर्राष्ट्रिय

पहिलो अन्तर्राष्ट्रिय विघटन भएपछि विश्व समाजवादी आन्दोलन छिन्नभिन्न अवस्थामा पुगेको थियो। विश्वभरिका सर्वहारा तथा मजदुरवर्गहरूले अभूतपूर्व ढंगले त्याग, बलिदान र वीरता प्रदर्शन गर्दै विश्व समाजवादी आन्दोलनलाई जुरूक्क उचालेपछि समाजवादी आन्दोलनको अन्तर्राष्ट्रिय सङ्गठनको आवश्यकता महसुस भयो र दोस्रो अन्तर्राष्ट्रिय सन् १८८९ मा स्थापना भयो (भण्डारी, २०७४ : १४६-१४७)। एंगेल्सको नेतृत्वमा १४ जुलाई १८८९ मा पेरिसमा भएको दोस्रो अन्तर्राष्ट्रियको प्रथम महाधिवेशनले मे १ तारिखलाई अन्तर्राष्ट्रिय मजदुर दिवसको रूपमा मनाउने निर्णय गरेको थियो।

अगस्ट, १८९१ मा ब्रसेल्समा सम्पनन दोस्रो अन्तर्राष्ट्रियको दोस्रो महाधिवेशनमा वैज्ञानिक समाजवादी चिन्तनको पक्षधर र अराजकतावादीहरूबिच राजनीतिक कार्यक्रमलाई लिएर मतभेद र विवादको सिर्जना भएको थियो। यस महाधिवेशनले अराजकतावादीहरूलाई दोस्रो अन्तर्राष्ट्रियको कुनै पनि महाधिवेशनमा भाग लिन नदिने निर्णय गरेको थियो (तामाङ, २०६९ : ६९-७१)। दोस्रो अन्तराष्ट्रियले वैज्ञानिक समाजवादी चिन्तनलाई नै सैद्धान्तिक रूपमा आफ्नो मार्गनिर्देशक सिद्धान्तको रूपमा स्वीकारेको थियो। उक्त अन्तर्राष्ट्रिय पनि अराजकतावादी र वैज्ञानिक समाजवादीबीच वैचारिक वेमेलकाबीच सम्पन्न भएको थियो। अराजकतावादीले समाजवादी चिन्तन नस्वीकार्ने भएपछि दोस्रो अन्तर्राष्ट्रियले उनीहरूलाई कारवाही गरेको थियो। दोस्रो अन्तर्राष्ट्रियको स्थापनाकालमा वैज्ञानिक समाजवादी चिन्तन पक्षधरका मार्क्सवादीहरू बलिया भएर अगाडि आएका थिए (भण्डारी, २०७४ : १४८)। सन् १८९२ मा दोस्रो अन्तर्राष्ट्रियको तेस्रो महाधिवेन जुरिचमा सम्पन्न भएको थियो। यस महाधिवेशनमा दोस्रो अन्तर्राष्ट्रिय सङ्गठनको सदस्य राष्ट्रहरूको राजनीतिक तथा सांगठनिक कार्यक्रम र जिम्मेवारीका बारेमा विवाद सिर्जना भएको थियो। अराजकतावादीहरूले विवादको सिर्जना गरेपछि मतदान भएको थियो, जसमा वैज्ञानिक समाजवादी पक्षधरहरूको विजय र अराजकतावादीहरूको पराजय भएको थियो। दोस्रो अन्तर्राष्ट्रियको चौथो महाधिवेशन लन्डनमा सम्पन्न भएको थियो। त्यस महाधिवेशनको उद्घाटन सत्रमा नै जुरिच महाधिवेशनको निर्णय उल्टाउन माग गर्दै नाराबाजी गरी कार्यक्रम नै अवरूद्ध गरेपछि यस महाधिवेशनले अराजकतावादीहरूलाई सदाका लागि दोस्रो अन्तर्राष्ट्रिय संगठनबाट निष्काशित गरेको थियो (तामाङ, २०६९ : ६१-७२)। त्यस महाधिवेशनले दोस्रो अन्तर्राष्ट्रिय सङ्गठनको सदस्य राष्ट्रहरूको राजनीतिक कार्यक्रम र जिम्मेवारी तथा लक्ष्य स्पष्ट पारेको थियो (Hallas, 1985 : 76)। उक्त महाधिवेशनले क्रान्तिकारी मार्क्सवादी धारा अन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तनलाई अनुशरण गरी दोस्रो अन्तर्राष्ट्रियको राजनीतिक तथा साङ्गठानिक कार्यक्रम तय गरेको थियो र विश्व समाजवादी आन्दोलनका लागि सर्वहारा तथा मजदुर वर्गका लागि राजनीतिक संघर्षको कार्यक्रम प्रस्तुत गरेको थियो।

सेप्टेम्बर १९०० मा दोस्रो अन्तर्राष्ट्रियको पाँचौं महाधिवेशन पेरिसमा सम्पन्न भएको थियो। त्यस महाधिवेशनमा वैज्ञानिक समाजवादी चिन्तनको पक्षधर र विश्व समाजवादी आन्दोलनमा देखापरेको संशोधनवादी र सुधारवादी धारा विकासवादी समाजवादी चिन्तनको पक्षधरबिच वैचारिक मतभेद र विवाद भएको थियो। दोस्रो अन्तर्राष्ट्रियको छैठौं महाधिवेशनमा संशोधनवादी, सुधारवादी धारा विकासवादी समाजवादी चिन्तनमाथि व्यापक छलफल र बहस भएको थियो। त्यस महाधिवेशनले वैज्ञानिक समाजवादी चिन्तनलाई अनुमोदन गर्दै विकासवादी समाजवादी चिन्तनलाइ अस्विकार गरेको थियो (तामाङ, २०६९ : ७३-७५)। त्यस महाधिवेशनले विश्व समाजवादी आन्दोलनमा देखा परेको संशोधनवादी सुधारवादी धारा अथवा विकासवादी समाजवादी चिन्तनलाइ ठाडै अस्विकार गरी क्रान्तिकारी मार्क्सवादी धारा अन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तनलाई नै सैद्धान्तिक रूपमा अनुमोदन गरेको थियो।

दोस्रो अन्तर्राष्ट्रियको लण्डन महाधिवेशनले अराजकतावादीहरूलाई सङ्गठनबाट निष्काशन गरेपछि दोस्रो अन्तर्राष्ट्रियका मार्क्सवादी धारा अन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तनका पक्षधर बलिया भएर सर्वहारा क्रान्तिका लागि अग्रसर भएका थिए (जोशी, २०७८ : २२७)। दोस्रो अन्तर्राष्ट्रियबाट अराजकतावादीहरूलाई निष्कासन गरेपछि वैज्ञानिक समाजवादी चिन्तनका पक्षधरहरू सङ्गठित रूपम बलिया भएका थिए। अगस्ट १९०७ मा दोस्रो अन्तर्राष्ट्रियको सातौं महाधिवेशन स्टुटगार्डमा सम्पन्न भएको थियो। त्यस महाधिवेशनमा पुँजीवादी साम्राज्यवादी मुलुकको औपनिवेशिक नीति माथि छलफल भइ त्यसको विरोध गरिएको थियो। अगस्ट-सेप्टेबर, १९१० मा दोस्रो अन्तर्राष्ट्रियको आठौं महाधिवेशन सम्पन्न भएको थियो। त्यस महाधिवेशनमा वैज्ञानिक समाजवादी चिन्तनको पक्षधर, विश्व समाजवादी आन्दोलनमा देखापरेको केन्द्रवादी र अवसरवादी समूह र विकासवादी समाजवादी चिन्तनबिच भिषण वैचारिक बहस र विवाद भएको थियो। त्यस महाधिवेशनमा दोस्रो अन्तर्राष्ट्रिय सङ्गठनका सदस्य राष्ट्रहरूले आ-आफ्नो मुलुकमा पुँजीवादी साम्राज्यवादी औपनिवेशिक सरकारको युद्ध कर्जाको विधेयकको विरूद्ध मत दिने निर्णय गरेका थिए (तामाङ, २०६९ : ७५-७६)। विश्व समाजवादी आन्दोलनमा देखा परेका संशोधनवादी विकासवादी समाजवादी धारा र वैज्ञानिक समाजवादी चिन्तनधारा भित्रका केन्द्रवादी तथा अवसरवादी धाराको वैचारिक, राजनीतिक र साङ्गठनिक हमलाको शिकार दोस्रो अन्तर्राष्ट्रिय हुन पुगेको थियो। तर पनि दोस्रो अन्तर्राष्ट्रियले वैज्ञानिक समाजवादी चिन्तनको मर्म समात्दै विश्वका समाजवादीहरुले आआफ्ना मुलुकको पुँजीवादी सम्राज्यवादी औपनिवेशिक सरकारको युद्ध कर्जाको विरूद्ध मत दिन आह्वान गरेको थियो।

दोस्रो अन्तर्राष्ट्रियमा लेनिनले साम्राज्यवादी युद्धलाई समाजवादी क्रान्तिमा बदल्नु पर्ने मत राखेपछि एकातिर त्यसको विरूद्धमा मध्यमार्गी सम्झौतापरस्त मध्यपन्थीहरू देखा परे भने अर्कोतिर दक्षिणपन्थी वामपन्थी मत देखा पर्‍यो, जसले गर्दा दोस्रो अन्तर्राष्ट्रिय तीन धारमा विभक्त हुन पुगेको थियो (जोशी, २०७८ : २२७-२२८)। दोस्रो अन्तर्राष्ट्रिय वैज्ञानिक समाजवादी चिन्तन धारा, यस धारा भित्रका अवसरवादी तथा केन्द्रवादी धारा, मौका परस्त मध्यमार्गी धारा र दक्षिणपन्थी वामपन्थी धारा जस्ता विविध धारामा विभक्त हुन पुगेको थियो । नोभेम्बर १९१२ मा दोस्रो अन्तर्राष्ट्रियको नवौं महाधिवेशन बेसलेमा सम्पन्न भएको थियो। उक्त महाधिवेशन पुँजीवादी साम्राज्यवादी युद्धको विरूद्धमा उभिनका निम्ति प्रथम विश्वयुद्धको संघारमा भएको थियो । त्यस महाधिवेशनले पुँजीवादी साम्राज्यवादी युद्धलाई समाजवादी क्रान्ति र युद्धमा बदल्ने निर्णय गरेको थियो । १ अगस्ट १९१४ मा प्रथम विश्वयुद्ध सुरू भएपछि दोस्रो अन्तर्राष्ट्रिय विधिवत रूपमा ढल्न पुगेको थियो (Hanson, 1997 : 149-50)। विश्व समाजवादी आन्दोलन विविध धारामा विभक्त भएपछि र प्रथम विश्वयुद्ध शुरू भएपछि दोस्रो अन्तर्राष्ट्रिय विघटन हुन पुगेको थियो । दोस्रो अन्तर्राष्ट्रियले साम्राज्यवादी प्रथम विश्वयुद्ध रोक्न नसकेपनि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको प्रचार-प्रसार र विकास चाहिँ गरेको थियो ।

## अक्टोबर समाजवादी क्रान्ति

लेनिनको नेतृत्वमा २३ अक्टोबर १९१७ मा रूसमा समाजवादी क्रान्ति भएको थियो । यस समाजवादी क्रान्तिपछि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको स्थापना भएको थियो । रूसमा अक्टोवर समाजवादी क्रान्तिले पुँजीवादी राज्यव्यवस्थाको अन्त्य गर्दै पुँजीपतिहरूलाई राज्यसत्ताको सम्पूर्ण उत्पादनका साधन र स्रोतबाट वञ्चित गरेको थियो । राज्यसत्ताका सम्पूर्ण साधनस्रोतको स्वामित्वलाई सार्वजनिक अर्थात सामाजिक सम्पतिमा रूपान्तरण गरेको थियो । यस समाजवादी क्रान्तिले रूसको राज्यसत्तामा सर्वहारावर्गको अधिनायकत्व कायम गरेको थियो । यस क्रान्तिबाट स्थापना भएको वैज्ञानिक समाजवादी राज्यसत्ताले सम्पूर्ण मानव समाजलाई मालिक र शासक बनाएको थियो भने सर्वहारावर्ग र समाजवादीहरूलाई नयाँ उत्प्रेरणा, उर्जा र मार्गदर्शन गरेको थियो । तर, अक्टोबर समाजवादी क्रान्तिले स्थापना गरेको सोभियत सत्ता १९९० को दशकमा विघटन हुन पुगेको थियो (तामाङ, २०६९ : ८१-८६)। दोस्रो अन्तर्राष्ट्रिय पछि क्रान्तिकारी मार्क्सवादी धारा समाती समाजवादी क्रान्ती गर्दै समाजवादको स्थापना लेनिनले गरेपछि उनले समातेको बाटो हिंसात्मक बाटो हो भनी संशोधनवादी धारा समात्दै एडवर्ड वर्नान्स्टिनले विकासवादी समाजवादी धारा अन्तर्गतको प्रजातान्त्रिक समाजवादी चिन्तनको उद्‌भव र विकास गराउँदै समाजवादी आन्दोलनमा संशोधनवादी धाराको विकास गर्न पुगेका थिए भने लेनिनले वैज्ञानिक समाजवादी चिन्तनको विकास गराउँदै तेस्रो अन्तर्राष्ट्रियको निर्माण र स्थापना गरेका थिए ।

## तेस्रो अन्तर्राष्ट्रिय

दोस्रो अन्तर्राष्ट्रियको विघटनपछि लेनिनको नेतृत्वमा भएको अक्टोबर समाजवादी क्रान्तिले विश्व समाजवादी आन्दोलनले नयाँ चरणमा प्रवेश गर्‍यो र लेनिनको नेतृत्वमा तेस्रो अन्तर्राष्ट्रियको गठन भयो (जोशी, २०७८ : २२८)। सुरूमा अक्टोवर समाजवादी क्रान्ति भई वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको स्थापना भएपछि लेनिनको नेतृत्वमा तेस्रो अन्तर्राष्ट्रियको स्थापना भएको थियो। ३० जनवरी १९१८ मा तेस्रो अन्तर्राष्ट्रियको स्थापनाका लागि तयारी बैठक पेट्रोगार्डमा सम्पन्न भएको थियो। त्यसको तयारीको अन्तिम रूप दिन ३ जनवरी १९१९ मा तेस्रो अन्तर्राष्ट्रियको लागि मस्कोमा बैठक बसेको थियो। २ मार्च १९१९ मा अन्तर्राष्ट्रिय समाजवादी सम्मेलन सम्पन्न भएको थियो। ४ मार्च १९१९ मा तेस्रो अन्तर्राष्ट्रियको प्रथम महाधिवेशन सुरू भई ९ मार्च १९१९ मा सम्पन्न भएको थियो । त्यस महाधिवेशनले विधिवत रूपमा तेस्रो अन्तर्राष्ट्रियको स्थापना गरेको थियो, जसले विश्वका सर्वहारा तथा मजदुर वर्गको नाममा नयाँ अपिल जारि गरी पारित गरेको थियो (तामाङ, २०६९ : ९०-९२) । क्रान्तिकारी मार्क्सवादी धारा अन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तनलाई अनुशरण गरी रूसमा लेनिनले समाजवादी क्रान्ति सम्पन्न गरी समाजवादको स्थापना गरेपछि विश्व समाजवादी आन्दोलनलाई सही दिशा निर्देश गर्न र वैज्ञानिक समाजवादी चिन्तनलाई प्रचार-प्रसार र विकास गर्न तेस्रो अन्तर्राष्ट्रियको निर्माण गरेका थिए ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 252-262**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69464**

तेस्रो अन्तर्राष्ट्रियको दोस्रो महाधिवेशनमा १७ राष्ट्रले सहभागिता जनाएका थिए । लेनिनले अक्टोबर समाजवादी क्रान्तिको विशिष्टता लगायतका २१ बुँदे राजनीतिक कार्यक्रमको प्रतिवेदन प्रस्तुत गरेका थिए (जोशी, २०७८ : २२८) । तेस्रो अन्तर्राष्ट्रियको दोस्रो महाधिवेशनले लेनिनले प्रस्तुत गरेका राजनीतिक कार्यक्रमलाई पास गरेको थियो । १९ जुलाई देखि ७ अगस्ट १९२० सम्म चलेको तेस्रो अन्तर्राष्ट्रियको दोस्रो महाधिवेशन पेट्रोगार्ड र मस्कोमा सम्पन्न भएको थियो । त्यस महाधिवेशनले तेस्रो अन्तर्राष्ट्रियको कार्यभारसम्बन्धी लेनिनको प्रतिवेदन पास गरेको थियो । १२ जुन देखि १२ जुलाई १९२१ मा मस्कोमा सम्पन्न भएको तेस्रो अन्तर्राष्ट्रियको तेस्रो महाधिवेशनले तेस्रो अन्तर्राष्ट्रियको लेनिनको प्रस्ताव पास गरेको थियो । ५ नोभेम्बर देखि ५ डिसेम्बर १९२२ मा तेस्रो अन्तर्राष्ट्रियको चौथो महाधिवेशन पेट्रोगार्ड र मस्कोमा सम्पन्न भएको थियो, जहाँ रुसि क्रान्तिको समीक्षा गर्दै विश्व समाजवादी क्रान्तिको सम्भावनाको बारेमा विचार-विमर्श गरिएको थियो (तामाङ, २०६९, ९६-१०८) । तेस्रो अन्तर्राष्ट्रियले विश्व समाजवादी आन्दोलनको समीक्षा गर्दै विश्वका विभिन्न मुलकुमा समाजवादी क्रान्ति सम्पन्न गर्दै समाजवादको स्थापना गर्न ती मुलुकका साजवादीहरूलाई राजनीतिक, आर्थिक, सामरिक, साङ्गठानिक र सेना तथा हतियारको सहयोग गर्ने र विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको प्रचार-प्रसारमा र विकासमा महत्वपूर्ण भूमिका खेल्ने भनिएको थियो । यससँगै विश्व समाजवादी आन्दोलन र राजनीतिमा क्रान्तिकारी मार्क्सवादी धारा अन्तर्गत वैज्ञानिक समाजवादी चिन्तनको जगमा नयाँ लेनिनवादी अवधारणा र सिद्धान्तको उद्‌भव र विकास भएको थियो ।

तेस्रो अन्तर्राष्ट्रियको पाँचौं महाधिवेशन १७ जुन १९२४ मा मस्कोमा सम्पन्न भएको थियो । यस महाधिवेशनले विश्वमा रहेका समाजवादी पार्टीहरूलाई वैचारिक तथा सङ्गठनात्मक तरिकाले सबल र सक्षम बनाउनका निम्ति बोल्सेभिकिकरणको नारा अघि सारेको थियो । १७ जुलाई देखि १ सेप्टेम्बर १९२८ मा तेस्रो अन्तर्राष्ट्रियको छैटौं महाधिवेशन मस्कोमा सम्पन्न भएको थियो । यस महाधिवेशनले विश्वमा खतराको रूपमा रहेको फाँसीवादी आक्रमणका सम्बन्धमा बहस गरेको थियो । १३ मे १९४३ मा तेस्रो अन्तर्राष्ट्रियलाई विघटन गर्ने प्रस्ताव पारित गरेको थियो भने १० जुन १९४३ मा तेस्रो अन्तर्राष्ट्रिय विधिवत रूपमा विघटन भएको थियो (तामाङ, २०६९ : ११३-१२३) । तेस्रो अन्तर्राष्ट्रिययले विश्व समाजवादी आन्दोलनमा क्रान्तिकारी मार्क्सवादी धारा अन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तनलाई प्रचार-प्रसार र विकास गर्ने निर्णय गरेको थियो ।

## कोमिन्फर्म

लेनिनको मृत्युपछि तेस्रो अन्तर्राष्ट्रियले स्टालिनको नेतृत्वमा गति लिन सकेन र विघटन हुनपुग्यो । यसैकारण, विश्व समाजवादी आन्दोलन दिशाहिन बन्न पुग्यो । तेस्रो अन्तर्राष्ट्रिय विघटन भएपछि स्टालिनले कोमिन्फर्मको स्थापना गर्न पुगेका थिए (जोशी, २०७८ : २२९) । तेस्रो अन्तर्राष्ट्रियको विघटन भएपछि स्टालिनको नेतृत्वमा सेप्टेम्बर १९४७ मा सूचना ब्यूरो (Comminform or communis information Bureau) को स्थापना भएको थियो (तामाङ २०६९ : १२४) । तेस्रो अन्तर्राष्ट्रियको विघटन भएपछि विश्व समाजवादी आन्दोलनलाई नयाँ गति दिन स्टालिनले चौथो अन्तर्राष्ट्रिय निर्माणको लक्ष्यसहित कोमिन्फर्मको निर्माण गरेका थिए । कोमिन्फर्मको मुखपत्रको नाम For a lasting peace, for a people's Democracy थियो । तर खुश्चेभले स्टालिनको मत्युपछि कोमिन्फर्मको विघटन गरेका थिए (Halls, 1985 : 36-37) । विश्व समाजवादी आन्दोलको नेतृत्व गर्न चौथो अन्तर्राष्ट्रियको निर्माण गर्ने योजनासहित निर्माण भएको कोमिन्फर्मको चौथो अन्तर्राष्ट्रियले मुर्त रूप नलिँदै स्टालिनको मृत्युपछि विघटन हुन पुगेको थियो । चाँडै विघटन हुन पुगेपनि यसले वैज्ञानिक समाजवादी चिन्तनको प्रचार-प्रसार गरेको थियो ।

## निष्कर्ष

सन् १८४८ मा 'कम्युनिस्ट घोषणापात्र' लेखी मार्क्स र एंगेल्सले वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव गराएपछि यसको विकासक्रमले बिस्तारै गति लिन थालेको थियो । मार्क्सले आफ्नो नेतृत्वमा २८ सेप्टेम्बर १८६४ मा पहिलो अन्तर्राष्ट्रियको गठन गरेपछि वैज्ञानिक समाजवादी चिन्तनले विकसित स्वरूप ग्रहण गरेको थियो । पहिलो अन्तर्राष्ट्रियको गठन भएपछि विश्वका वैज्ञानिक समाजवादी चिन्तनलाई आत्मसात गर्नेहरू एक ठाउँमा गोलबन्द भएका थिए । वैज्ञानिक समाजवादी चिन्तनको विकासलाई गति दिने अर्को कडि पेरिस कम्युन थियो । पेरिसका क्रान्तिकारी विद्रोहीहरू एकजुट भई २६ मार्च १८७१ म पेरिस शहर कब्जा गरी पेरिस कम्युनको स्थापना गरेका थिए, जुन् विश्वमा नौलो समाजवादी अभ्यास थियो ।

वैज्ञानिक समाजवादी चिन्तनको विकासको अर्को कडि दोस्रो अन्तर्राष्ट्रिय थियो, जुन् एंगेल्सले आफ्नै पहलकदमीमा गठन गरेका थिए । दोस्रो अन्तर्राष्ट्रियमा संसारका वैज्ञानिक समाजवादी चिन्तनका पक्षधरहरू एक ठाउँमा गोलबन्द भएका थिए । वैज्ञानिक समाजवादी चिन्तनको विकासको अर्को कडीको रूपमा लेनिनको नेतृत्वमा सन् १९१७ मा रूसमा भएको अक्टोबर समाजवादी क्रान्तिलाई लिन सकिन्छ । २ मार्च १९१९ मा लेनिनको नेतृत्वमा गठन भएको तेस्रो अन्तर्राष्ट्रिय पनि वैज्ञानिक समाजवादी चिन्तनको विकासको मूल कडी नै थियो । चौथो अन्तर्राष्ट्रियको रूप दिन स्टालिनले आफ्नो पहलकदमीमा सेप्टेम्बर १९४७ मा स्थापना गरेको कोमिन्फर्मले पनि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको विकास गराएको थियो ।

## सन्दर्भसामाग्री

### देवनागरिक सन्दर्भसामाग्री

खतिवडा, डम्बर, (२०७४), *समाजवादको यात्रा :युटोपियादेखि चौथो आयामसम्म,* काठमाण्डौं : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

जोशी, चन्द्रदेव, (२०७८) ,*मार्क्सवाद र विश्व-कम्युनिस्ट आन्दोलन,* काठमाण्डौ : इन्डिगो इन्क प्रा. लि. ।

तामाङ, सीताराम, (२०६९), *विश्व कम्युनिस्ट आन्दोलन,* काठमाण्डौं : मूल्याङ्कन प्रकाशन गृह ।

भण्डारी शशिधर,(२०७४), *विश्व कम्युनिस्ट आन्दोलनको इतिहास (खण्ड-1),* (संस्करण दोस्रो), प्रकाक्त मनोज जिसी ।

मार्क्स र एंगेल्स, (२०६३), (अनुवादकः राजेन्द्रमास्के), *मार्क्स, एंगेल्स, : पेरिस कम्युन,* (संस्करण दोस्रो), काठमाण्डौः विवेक सिर्जनशील प्रकाशन प्रा. लि.)

लास्की, हेराल्ड जे., (२०७४), (अनुवादकः सी.के. प्रसाई, *कम्युनिस्ट मेनुफेस्टो : समाजवादको आधारशीला,* (संस्करण दोस्रो), काठमाण्डौं : स्वदेश प्रकाशन प्रा. लि. ।

सबीरोव, ह., (१९८८), (अनुवादक : सुरेन्द्र कुमार), (सम्पादक मण्डल : फ. व. वोल्कोव (प्रधान), ये. फ. गूब्स्की, व.व. क्रापीविन, व.द. जोतोव, यू.न. पोपोव, फ.म. बुर्लात्स्की, फ.न. यूर्वोल, व.व. सोबोलेव), *सामाजिक और राजनीतिक ज्ञान कम्युनिज्म क्या है ?,* (हिन्दी संस्करण), मास्को : प्रगति प्रकाशन ।

### Roman script

Afanasyevv, V. G. (1967). *Scientific Communism: A Popular Outline.* Moscow progress publishers.

Barry, B. (2005). *Why social justice matters*. Cambridge: Polity.

Cohen, G. A. (2000). *Karl Marx's theory of history: A defense*. Princeton: Princeton University Press.

Conforth, M. (1972). *Communism and human values.* New York International Publishers.

Gilabert, P. (2015). The socialist principle "from each according to their abilities, to each according to their needs". *Journal of Social Philosophy*, *46*(2), pp. 197–225. doi:10. 1111/josp. 12096

Halls, D. (1985). *The Comintern*. London: Bookmarks.

Hansen, S.E. (1997). *Time and Revolution. Marxim and the Design of Soviet Institutions.* University of North Carolina press.

Macfarlane, S.N. (1990). Successes and Failures in Soviet Policy towards Marxist Revolutions in the Third World. In Marks (Ed.), The USSR and Marxist Revolutions in the Third World. Cambridge: Cambridge University Press.

Service, R. (2007). *Comrades: A history of World Communism*. Cambridge, Massachussetts. Harvard University Press.